किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं. :-२०८१।८२
च.नं. :-

## बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति:२०८१।११।२८)**

बाबु आमा दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितताका लागि आ.व. २०८१/०८२ बागमती प्रदेश सरकारको अन्तरसरकारी वित्तिय हस्तान्तरण सशर्त कार्यक्रम अन्तर्गत **बाबु आमा विहिन संरक्षण कार्यक्रम** संचालनका लागि यस किस्पाङ गाउँपालिका भित्रका तपसिल बमोजिम योग्यता भएका बालबालिका स्वयंले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निम्नानुसारको कागजात सहित सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

**१. भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

- बाबु आमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएको,
- १८ वर्ष पुरा नभएको,
- ५ वर्ष उमेर पुरा भएका बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैर कानूनी वा अपराधिक कार्यमा संलग्न नभएको

**२. आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि(नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु आमा दुवै बेपत्ता भएको सम्बन्धित वडा कार्यालयको सिफारिस
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि सम्बन्धित विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा भएका बालबालिकाको हकमा)
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र।

**(द्रष्टव्यः अघिल्ला वर्षहरुमा सहयोग पाईरहेको १८ वर्ष मुनिका बालबालिकाहरुले समेत पुनः यो सूचना बमोजिम निवेदन पेश गर्नुपर्नेछ।)**

चक्र बहादुर शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

पासपोर्ट
साईजको
फोटो

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
किस्पाङ गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट।

मितिः.............................................

विषयमाः बाबु आमा विहिन संरक्षण कार्यक्रममा सहभागी हुन पाऊ।

महोदय,

उपरोक्त सम्बन्धमा म आ.व. २०८१।८२ मा संचालन हुने बाबु आमा विहिन संरक्षण कार्यक्रमका लागि सहभागी हुन योग्य भएकोले निम्नलिखित विवरण राखी उक्त कार्यक्रममा सहभागी हुन पाऊ भनी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको विवरण ठीक साँचो छ, झुठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न मन्जुर छु।

१. व्यक्तिगत विवरण

नाम थर ........................................................... जन्ममिति ...........................

ना.प्रा.नं/जन्मदर्ता कोड.........................................................लिङ्ग ............ उमेर........

२. ठेगानाः

(क) स्थायी ठेगानाः किस्पाङ गाउँपालिका, वडा नं....... टोल .............

(ख) अस्थायी ठेगानाः ..........................................पालिका, वडानं..........टोल .............

(ग) सम्पर्क टेलिफोन वा मोबाइल नं. .............. ................. ................

३. बाबुको मृत्यु वा बेपत्ता भएको मितिः..........................................................

४. आमाको मृत्यु वा बेपत्ता भएको मितिः..........................................................

५. संरक्षक/ माथवर वा स्याहार सुसार गर्ने व्यक्तिको

नाम थर ........................................................................ निवेदकको नाता ..............

६. संरक्षकको वा मोबाइल नं. ................................................ ना.प्रा.नं........................................

७. विद्यालय जानेको हकमा विद्यालयको

नामः................................ठेगाना.........................प्र.अ.को सम्पर्क नं...............

८. बालगृहमा आश्रय लिई बस्नेको हकमा बालगृहको

नामः.....................................................................ठेगाना...................................

सम्पर्क नं...........................................

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश नेपाल
२०७३

निवेदक

नामः...........................

हस्ताक्षरः............................

मितिः...........................